का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ साउन २०८१,
सोमबार
5 August, 2024
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न्

वर्ष २२, अंक १७४ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# धर्मसंकटमा उपेन्द्र

पार्टी फुटाउन भूमिका खेलेको भनेर माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग टाढिएका उपेन्द्र यादव नयाँ सरकारसँग झन रुष्ट छन् । कारण- प्रधानमन्त्री एवम् एमालेका अध्यक्ष केपी शर्मा ओलीले संघीय सरकारमा अशोक राई पक्षीय जसपालाई समेटे भने मधेश प्रदेशमा सिके राउत नेतृत्वको जनमतलाई साथ दिए ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० साउन ।

मधेश आन्दोनलनबाट नेपाली राजनीतिमा उचाइ प्रप्त गरेका नेता हुन - उपेन्द्र यादव । २०६२/०६३ को जनआन्दोलनपछि मधेशबाट निरन्तर केन्द्रीय राजनीतिमा प्रभाव कायम राख्दै आएका यादव पछिल्लो समय कमजोर देखिन पुगेका छन् ।

मधेश प्रदेशमै यादव नेतृत्वको पार्टीको विकल्पमा अन्य दलहरू उदाउनु, संघीय राजनीतिमा उनको विकल्पमा शक्तिहरु देखा पर्नु, आफू नेतृत्वको पार्टीलाई विभाजनबाट रोक्न नसक्नु लगायतका कारण यादव पछिल्लो समय चाहेर पनि सरकारमा जान सकिरहेका छैनन् । प्रतिपक्षी मोर्चामै रहन पनि उनलाई हाल प्रतिपक्षमा रहेको दलहरूको सरकारलाई अप्ठ्यारोमा साथ नदिएकाले सहज महसुस भइरहेको छैन ।

पार्टी फुटाउन भूमिका खेलेको भनेर नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग टाढिएका थिए । माओवादी केन्द्र सहितको समाजवादी मोर्चाले बैठकमा बोलाउँदा समेत उनी गइरहेका छैनन् ।

अर्कोतर्फ नयाँ सरकारसँग यादव झन रुष्ट भएका छन् । कारण- प्रधानमन्त्री एवं एमालेका अध्यक्ष केपी शर्मा ओलीले संघीय सरकारमा अशोक राई पक्षीय जसपालाई समेटे भने मधेश प्रदेशमा सिके राउत नेतृत्वको जनमतलाई साथ दिए ।

संसदका दुई ठुला दल कांग्रेस र एमाले मिलेर सरकार बनाउने सहमति गर्दै गर्दा सबैभन्दा पहिले उत्साहित भएर उपेन्द्रले स्वागत गरेका थिए । दुई दलबिचको सहकार्यले राजनीतिक स्थिरता दिने अपेक्षा व्यक्त गरेका थिए ।

'राष्ट्रिय सहमतिको सरकार बनाउने गरी दुई दलबिच भएको सहमति निकै सकारात्मक छ, यसले राजनीतिक स्थिरताको सन्देश दिएको छ' कांग्रेस-एमाले गठबन्धनप्रति समर्थन जनाउँदै जसपा नेपालका नेता मनिष सुमनले विज्ञप्ती निकालेर भनेका थिए, 'नयाँ बन्ने सरकारलाई हाम्रो समर्थन रहन्छ ।'

जसपा विभाजनपछि माओवादी केन्द्र नेतृत्वको अघिल्लो सरकारलाई दिएको समर्थन फिर्ता लिएर यादव पक्षीय जसपाले यसरी कांग्रेस-एमाले गठबन्धन सरकारलाई समर्थन जनाउने घोषणा नै गरेको थियो । संसदमा पनि सत्ता पक्षको बेन्चमा आफूलाई उभ्याएको थियो । यसो गर्दा केन्द्र सरकार र मधेस सरकारमा सहभागिताको आश राखेका यादव कुनै पनि हात नलागेपछि निराश भएका हुन् ।

उपेन्द्र यादवको अपेक्षा विपरीत प्रधानमन्त्री ओलीले पूर्ण बेवास्ता गरिदिए । केन्द्रमा यादव पक्षको विकल्पमा अशोक राई नेतृत्वको जसपा सरकारमा गयो । अहिले ओली नेतृत्वको केन्द्र सरकारमा राई नेतृत्वको जसपाका दुई मन्त्री छन् । प्रदीप यादवले खानेपानीमन्त्रीको जिम्मेवारी पाएका छन् भने नवलकिशोर साह सुडीले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको जिम्मेवारी पाएका छन् ।

ओलीले सानो दल भए पनि राई नेतृत्वको जसपालाई निकै प्राथमिकताका साथ सरकारमा भूमिका दिएका छन् । सरकारमा साना दलको तर्फबाट फूल मन्त्री पाउने दल राई नेतृत्वको जसपामात्रै छ ।

प्रधानमन्त्री ओलीले पछिल्लो पटक साउन १८ मा केन्द्र सरकारलाई पूर्णता दिएका थिए । जसमा उनले जसपा नेपाललाई कुनै वास्ता गरेनन् । जहाँ नागरिक उन्मुक्ति पार्टी (नाउपा) भने राज्यमन्त्री लिँदै समावेश भएको छ ।

यता, मधेस सरकारमा पनि यादव नेतृत्वको जसपाले भूमिका पाएन ।

वर्तमान सत्ता समीकरणमा कतै पनि भूमिका नपाएपछि यादव पछिल्लो समय यता न यताका जस्तो न सत्तापक्ष न प्रतिपक्षको जस्तो हुन पुगेका हुन् । सुरुमा उत्साहित भएर कांग्रेस-एमाले गठबन्धनको स्वागत गरेका यादव अहिले गठबन्धनलाई पछिल्लो 'परिवर्तन विरोधी' भन्ने अभिव्यक्ति दिइरहेका छन् ।

यही साउन साउन १९ गते काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै यादवले कांग्रेस-एमाले गठबन्धन परिवर्तन मास्न लागेको आरोप लगाए । उनले कांग्रेस र एमाले गठबन्धन २०४७ को संविधान ल्याउने प्रयासमा रहेको आरोप लगाए ।

उनको प्रश्न छ, 'नेपाली कांग्रेसले, त्यही केपी शर्मा ओलीलाई काँधमा बोकेर, सहकार्य केका लागि गर्न लाएको ?' संविधान विरोधी गठबन्धन बनेको भन्दै उनले थपेका छन्, 'समावेशितालाई अन्त्य गर्ने, प्रतिनिधि र प्रदेशसभाबाट पृष्ठ २ मा

# चारै महिनामै मुख्यमन्त्रीमा फर्किए शाह

**शिव विक/मध्यान्ह**
काठमाडौं, २० साउन ।

सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाह नियुक्त भएका छन् । उनी यसअघि पनि १४ महिना मुख्यमन्त्री भएका थिए । चार महिनापछि शाह पुनः मुख्यमन्त्रीमा फर्किएका हुन् ।

शाहले आइतबार बिहान नेकपा एमालेको समर्थनमा मुख्यमन्त्रीमा दाबी पेस गरेका थिए । आइतबार नै प्रदेश प्रमुख नजिर मियाँले शाहलाई मुख्यमन्त्री नियुक्त गरेका हुन् । उनी प्रदेश सभाको यही कार्यकालमा दोस्रोपटक सुदूरपश्चिमको मुख्यमन्त्रीमा नियुक्त भएका हुन् ।

पहिलो पटक २६ माघ २०७९ मा मुख्यमन्त्री बनेका शाहले २२ चैतमा राजनीतिक समीकरण फेरिएपछि राजीनामा दिएका थिए । उनी कैलाली क्षेत्र नम्बर २ को (क) बाट निर्वाचित भएका हुन् ।

शाहपछि मुख्यमन्त्रीमा नियुक्त भएका नेकपा (एकीकृत समाजवादी) का संसदीय दलका नेता दीर्घबहादुर सोडारी अल्पमतमा परेपछि शुक्रबार पदबाट राजीनामा दिएका थिए । त्यसपछि शाहले फेरि मुख्यमन्त्री हुने मौका पाएका हुन् ।

५३ सदस्यीय प्रदेश सभामा सरकार बनाउन २७ सांसदको साथ चाहिन्छ । शाहलाई कांग्रेसका १८ र एमालेका ११ गरी २९ जनाको समर्थन छ ।

मुख्यमन्त्री शाहले मन्त्रिपरिषदलाई पूर्णता दिएर सोमबार पद तथा गोपनियताको शपथग्रहण गर्ने तयारी गरेका छन् ।

संविधानको धारा १६८ को उपधारा (२) बमोजिम



कमलबहादुर शाहबाहेक सुदूरपश्चिमको मुख्यमन्त्रीको दौडमा कांग्रेसबाट प्रदेश सभा सदस्यहरु बहादुरसिंह थापा, दिवानसिंह बिष्ट र प्रकाशबहादुर देउवा थिए । तर उनीहरुलाई रोक्दै शाह नै मुख्यमन्त्रीमा दोहोरिएका हुन् ।

आइतबार मुख्यमन्त्रीमा नियुक्त भएका शाहले ३० दिनभित्र विश्वासको मत लिनुपर्छ । संविधानको धारा १६८ (४) मा यस सम्बन्धी व्यवस्था छ । संवैधानिक व्यवस्था अनुसार नै शाहले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ ।

कांग्रेसका नेताहरूका अनुसार यसअघि मुख्यमन्त्री भइसकेका शाहले लामो समय काम गर्न नपाएका कारण पुनः अवसर दिइएको हो ।

शाह कांग्रेस र माओवादीबीचको समीकरण फेरिएपछि चार महिना अगाडि हट्नुपरेको थियो । त्यही कारण उनले चाहेअनुसार काम गर्न पाएका थिएनन् । यसकारण फेरिन उनैलाई नै सरकारको नेतृत्व दिइएको हो ।

शाह बाहेक सुदुरपश्चिमको मुख्यमन्त्रीको दौडमा प्रदेश सभा सदस्य बहादुरसिंह थापा, दिवानसिंह बिष्ट र प्रकाशबहादुर पृष्ठ २ मा

# वकिलको सेवा शुल्क तोकिने

नेपाल कानून व्यवसायी परिषद् ऐन २०५० संशोधन विधेयक संसदले स्वीकार गरेपछि लयर्स एकेडेमीले वकिलले लिने अधिकतम सेवा शुल्क तोक्नेछ । यसलाई बाध्यकारी बनाउने गरी कानून न्याय तथा संसदीय मामिला मन्त्रालयले कानून नै बनाउन लागेको हो ।



प्रचलित ऐन संशोधन गरेर कानून व्यावसायी परिषद् अन्तर्गत लयर्स एकेडेमीको स्थापना गर्न खोजिएको छ । लयर्स एकेडेमीले कानून व्यवसायीले लिने अधिकतम शेवा शुल्क तोक्नेछ ।

**अजय कुमार चौरसिया**
**कानून, न्याय तथा संसदीय मामिला मन्त्री**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० साउन ।

सरकारले कानून व्यवसायीले लिने अधिकतम शेवा शुल्क तोक्ने गरी कानून बनाउन लागेको छ । यसका लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालयले नयाँ विधेयक संसद्मा ल्याएको छ ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजय कुमार चौरसियाले नेपाल कानून व्यवसायी परिषद् ऐन २०५० संशोधन विधेयक २०८१ प्रतिनिधिसभामा दर्ता गरेका हुन् ।

मन्त्री चौरसियाका अनुसार प्रचलित ऐन संशोधन गरी कानुन व्यावसायी परिषद अन्तर्गत कानुन व्यावसायी प्रतिष्ठान (लयर्स एकेडेमी)को स्थापना गर्ने उदेश्य राखिएको छ । लयर्स एकेडेमीले कानून व्यवसायीले लिने अधिकतम शेवा शुल्क तोक्नेछ ।

'अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि परिषदले निर्धारण गरेको रकमसम्म कानून व्यवसायीले सेवा शुल्कबापत्त पक्षबाट नगद लिन सक्नेछ' प्रस्तावित विधेयकमा उल्लेख छ ।

यो विधेयक संसदले जस्ताको तस्तै स्वीकार गरे कानून व्यवसायीले लिने अधिकतम शेवा शुल्क तोकिनेछ । उक्त रकमसम्म मात्रै कानून व्यवसायीले सेवा शुल्क लिन पाउनेछन् ।

यसका साथै कानुन विषयको स्नातक वा सो सहको उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाले अध्ययन अध्यापन गराउने पाठ्यक्रमको मापदण्ड निर्धारण गर्ने सम्बन्धमा समेत विधेयक सम्बन्धित छ ।

कानुन व्यवसायीले पालना गर्नुपर्ने आचरण, कानुन व्यवसायीहरुले मुद्दाका पक्षलाई कानुनी सेवा उपलब्ध गराएवापत लिने शुल्कलाई पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगार बीमाको व्यापार वृद्धिसँगै बीमा कम्पनी पनि थपिए

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० साउन

सुरक्षित लाभको अवस्था देखिएपछि वैदेशिक रोजगारी बीमालेख बिक्रीका लागि जीवन बीमासहित लघुबीमा कम्पनीमा आकर्षण बढेको छ । वैदेशिक रोजगारीको श्रम स्वीकृतिका लागि अनिवार्यरूपमा वैदेशिक रोजगार म्यादी जीवन बीमा गर्नुपर्ने प्रावधान निजी जीवन बीमा कम्पनी र लघु बीमा कम्पनीहरूका लागि व्यापारको बलियो स्रोत बनेको छ ।

वैदेशिक रोजगारीको श्रम स्वीकृतिका लागि अनिवार्यरूपमा वैदेशिक रोजगार म्यादी जीवन बीमा गर्नुपर्ने प्रावधान निजी जीवन बीमा कम्पनी र लघु बीमा कम्पनीहरुका लागि व्यापारको बलियो स्रोत बनेको छ ।

प्रारम्भमै एकमुष्ट बीमाशुल्क तिर्नुपर्ने शर्त रहेको उक्त बीमा पोलिसीमा बीमा अवधिमा कुनै घटना नभए रकम फिर्ता हुँदैन । बीमा कम्पनीहरूले उक्त रकम तत्कालै आम्दानीमा बाँध्न पाउँछन् । यसअघि नेपालमा व्यवसाय गरिरहेकामध्ये ११ वटा जीवन बीमा कम्पनीले म्यादी बीमालेख बिक्री गर्दै आएकोमा यस आर्थिक वर्षदेखि थप २ जीवन बीमा कम्पनी र ३ लघुबीमा कम्पनी वैदेशिक रोजगारको म्यादी बीमा बिक्री गर्न सूचीकरण भएको वैदेशिक रोजगार विभागले बताएको छ ।

म्यादी बीमा पोलिसी बिक्रीबाट जीवन बीमा कम्पनीहरूले मासिक सरदर २ करोड हाराहारीमा कमाउने गरेको अनुमान छ । गत वर्ष ७ लाख ४१ हजार २ सय ९७ जना वैदेशिक रोजगारीमा गएका छन् । एक महिनामा मात्रै १३ वटा बीमा कम्पनीले ७१ हजार ७३ वटा वैदेशिक रोजगार बीमालेख जारी गरी २० करोड ७१ लाख ७१ हजार रुपैयाँभन्दा बढी कमाएका छन् । वैदेशिक रोजगार म्यादी जीवन बीमामा १६ देखि ६० वर्ष उमेर समूहका कामदारले १ देखि ५ वर्षसम्मको बीमा गर्ने गरेका छन् ।

देश र उमेरअनुसार म्यादी बीमाको रकम फरक-फरक तिर्नुपर्ने व्यवस्था छ । वैदेशिक रोजगारीमा साउदी अरेबिया, कतार र यूएईसहित खाडीका देश र मलेसिया जाने कामदारहरूले म्यादी बीमाबापत १ हजार ५ सयदेखि ४ हजारसम्मको बीमा गर्नुपर्ने व्यवस्था छ । यस्तै कोरिया र इराजरायल जाने कामदारले २ हजार पृष्ठ २ मा

## जापानमा बिल्डिङ मेन्टिनेन्स क्षेत्रमा पनि नेपालीलाई अवसर

**काठमाडौं/मस**– जापानमा भवन व्यवस्थापन (बिल्डिङ मेन्टिनेन्स)का क्षेत्रमा नेपाली कामदार जान पाउने भएका छन् । जापानको भवन मर्मत संघ (जेबीएमए)का प्रतिनिधिले शुक्रबार वैदेशिक रोजगार विभागका महानिर्देशक डण्डुराज घिमिरेसँग यसबारे छलफल गरेको थियो ।

सोअवसरमा भवन सरसफाइ तथा व्यवस्थापन क्षेत्रमा कामदार लैजाने विषयमा छलफल भएको हो । नेपाल र जापानबीच भएको विशेष दक्ष कामदार (एसएसडब्ल्यू) सम्बन्धी सम्झौताअनुसार बिल्डिङ मेन्टिनेन्सका क्षेत्रमा पनि नेपाली कामदार जानसक्ने भएका हुन् । यो नेपालीका लागि नयाँ क्षेत्र भएको बताइएको छ ।

छलफलमा जापानी जेबीएमएका प्रतिनिधिले नेपाली कामदारले त्यहाँ स्तरीय काम सिक्न पाउने र नेपाल फर्केपछि अवसर सिर्जना गर्नसक्ने बताएका छन् । साथै उक्त क्षेत्रमा पृष्ठ २ मा

# प्रदेश सरकारप्रति विश्वास बढ्ने गरी काम गर्न मन्त्री थापाको निर्देशन

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २० साउन

लुम्बिनी प्रदेशका नवनियुक्त शहरी विकास तथा खानेपानी मन्त्री सरोज थापा'रोज'ले प्रदेश सरकारप्रति विश्वास बढ्ने गरी काम गर्न निर्देशन दिएका छन् । दोस्रो कार्यकाल मन्त्री बनेका थापाले आइतबार मन्त्रालयमा आयोजित स्वागत कार्यक्रममा उक्त निर्देशन दिएका हुन् ।

नेपाली कांग्रेसको तर्फबाट प्युठानबाट भारी मतले निर्वाचित थापा लुम्बिनी प्रदेशको खानेपानी तथा सहरी विकास मन्त्रीको जिम्मेवारी पाएपछि आइतबार मन्त्रालय पुगेर जिम्मेवारी बहन गरेका छन् । स्वागत कार्यक्रममा मन्त्री थापाले जनताले सरकार भएको अनुभूति गर्ने गरी



काम गर्न मन्त्रालयका सचिव लगायत कर्मचारीहरुलाई निर्देशन दिए । लुम्बिनी प्रदेश सदरमुकाम राप्ती पुगेर मन्त्रालयको जिम्मेवारी सम्हालेका थापा यसअघि लुम्बिनी प्रदेशमा दुई महिना यातायात मन्त्री बनेका थिए ।

यातायात मन्त्री हुँदा उनले धेरै ठाउँमा यातायात कार्यालय राख्न तथा सवारी लाइसेन्स लिँदा दिने झन्झट अन्त्य गरी आफ्नो गाडी लगेर ट्रायल दिने व्यवस्था कार्यान्वयन गर्ने गरी लोकप्रिय काम गरेका थिए । दोस्रो पटक मन्त्री बनेका राणा प्युठानबाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए ।

मन्त्री थापा कांग्रेस सभापति शेरबहादुर देउवा निकट मानिन्छन् । देउवाकै पहलकदमीमा उनी दोस्रोपटक लुम्बिनी प्रदेश सरकारको मन्त्री बनेका हुन् ।

# देवदहमा सर्पदंश तथा डेंगु नियन्त्रणसम्बन्धी जनचेतना



**सुरेश भट्ट आश्रिन/मध्यान्ह**
रुपन्देही, २० साउन

रुपन्देहीको देवदहमा 'सर्पदंश तथा स्पन्दन एवम् डेंगु रोग नियन्त्रण'सम्बन्धी जनचेतना कार्यक्रम सम्पन्न भएको छ। उज्यालो लाल्टिन प्रतिष्ठानको आयोजना र राइज हेण्डस नेपालको सहयोगमा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

गर्मीयाम शुरु भएसँगै सर्पले मानिसलाई टोकेका घटना निकै देखिन्छन् । विशेषगरी तराई भेगमा सर्पको टोकाइबाट मृत्यु हुने र पीडित हुनेहरुको संख्या बढ्दो छ । सर्पले टोकेपछि प्राथमिक उपचारका साथै यसको टोकाइबाटै बच्न विभिन्न सुरक्षाविधि र विसालु सर्प चिन्ने सहज तरिका दृश्यचित्र मार्फत स्थानीयलाई बताइएको थियो ।

बाहिर हिँड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट वा लाल्टिन बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिने सर्प उद्धारकर्ता अश्विन ओझाले बताए ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै देवदह नगरपालिका वडा नं २ का वडा अध्यक्ष दल बहादुर राकसकोटीले स्थानीय सरोकारवालाले गर्नुपर्ने काम उज्यालो लाल्टिन प्रतिष्ठानले गरेकोमा आयोजक संस्थाक धन्यवाद व्यक्त गरेका थिए ।

सर्पले टोकेको एक घण्टाको समयावधिलाई सुनौलो समय मानिन्छ । यो समयभित्र सर्पले टोकेको व्यक्तिलाई अस्पताल पुऱ्याउन सके बचाउन सक्ने सम्भावना बढी हुन्छ। यदि समयमा उपचार गराउन नसकेमा जोखिम बढ्छ । एन्टी स्नेक भेनम नामक औषधिमार्फत सर्पले टोकेको उपचार हुन्छ। यो औषधि सरकारी अस्पतालमा निःशुल्क पाइन्छ ।

# विद्यार्थीलाई ट्राफिक नियम सिकाउँदा लाभदायिक : प्रमुख भट्टराई

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, २० साउन

दोलखाका ट्राफिक प्रमुख ठाकुर प्रसाद भट्टराईले विद्यार्थीलाई ट्राफिक नियम सिकाउँदा लाभदायिक हुँदै आएको बताएका छन् ।

आइतबार सदरमुकाम चरिकोटस्थित राइजिङ स्कुलमा एक दिने प्रशिक्षण कार्यक्रममा बोल्दै उनले विद्यार्थीहरुलाई सानै उमेर तथा कक्षा देखि ट्राफिक नियम सम्बन्धी जीवन उपयोगी ज्ञान सिकाउँदा



लाभदायिक हुने बताए ।

'बालबालिकामा सबै भन्दा बढी बाटो काट्न समस्या हुने गरेको देखिन्छ' प्रमुख भट्टराईले भने,'सवारी साधनमा अपनाउनुपर्ने नियम विद्यार्थीलाई सिकाउँदा लाभदायिक भएको छ ।'

प्रमुख भट्टराईले जिल्ला ट्राफिक प्रहरी कार्यालय दोलखाको सहयोग तथा विद्यालयहरूको समन्वयमा विगत ३ महिना अगाडिदेखि 'विद्यार्थीसँग ट्राफिक प्रहरी' अभियान सञ्चालन गरिरहेका छन् ।

सदरमुकाम चरिकोट आसपासका विद्यालयमा सातदोबाटो मुख्य चोकबाट सयौंको संख्यामा विद्यार्थी आवात जावत गर्दा उनीहरूमा ट्राफिक सम्बन्धित नियम थाहा नहुँदा बीच बाटोबाटै बाटो काट्ने गरेकोमा अहिले उक्त नियमको प्रयोग गरेका उनको भनाइ छ । त्यस्तै आइतबार उक्त स्कुलमा १ सय जना भन्दा बढी विद्यार्थी प्रशिक्षणबाट लाभान्वित भएका छन् । उनीहरुलाई सवारी साधन रोकेपछि झर्ने, रोकेपछि चढ्ने, बाटो काट्दा जेब्रा क्रसिङ भएको ठाउँबाट मात्रै काट्ने लगायत विषयमा प्रशिक्षण दिइएको थियो ।

# बीआईटी र बीसीए पठनपाठनका लागि महागढीमाई बहुमुखी क्याम्पस स्थापना हुने

**राहुल गुप्ता/मध्यान्ह**
बारा, २० साउन



बाराको महागढीमाई नगरपालिकामा बीआईटी र बीसीए पठनपाठनका लागि नयाँ बहुमुखी क्याम्पस स्थापना हुने भएको छ । सो क्याम्पसको नाम महागढीमाई बहुमुखी क्याम्पस रहने छ ।

महागढीमाई नगरपालिकाको सहकार्यमा राजर्षि जनक विश्वविद्यालय जनकपुरको सहयोगमा महागढीमाई नगरपालिकामा बीआईटी र बीसीएको पठनपाठन हुने महागढीमाई नगरपालिकाका प्रमुख उपेन्द्र यादवले जानकारी दिए ।

महागढीमाई नगरपालिका वडा नं १ मा रहेको श्री गढीमाई बहुमुखी क्याम्पसको भवनमा बीआईटी र बीसीएको पठनपाठन गराउनका लागि राजर्षि जनक विश्वविद्यालय जनकपुर उपकुलपतिको कार्यालयबाट आएको अनुगमन समिति, श्री गढीमाई बहुमुखी क्याम्पस र महागढीमाई नगरपालिकाबीच नगरपालिकाको कार्यालयमा छलफल भएको थियो । सो क्रममा कक्षा सञ्चालन, व्यवस्थापन, नयाँ क्याम्पसको नामकरणबारे छलफल भएको थियो ।

बीआईटी र बीसीए पठनपाठनका लागि स्थापना गरिने क्याम्पसको नाम महागढीमाई बहुमुखी क्याम्पस रहने र यस क्षेत्रका विद्यार्थीहरुलाई बीआईटी र बिसीए पठनपाठन गर्नका लागि अन्यत्र जानु नपर्ने गरी चालु आर्थिक वर्षदेखि कक्षा सञ्चालन गरिने नगरप्रमुख यादवले बताए ।

राजर्षि जनक विश्वविद्यालयका उपकुलपति कृष्ण यादवले विश्वकै प्रसिद्ध गढीमाई मन्दिर रहेको महागढीमाई नगरपालिका पर्यटकीय क्षेत्र भएको बताउँदै यस क्षेत्रलाई शिक्षाको हब बनाउन जरुरी रहेको बताए । तत्कालका लागि श्री गढीमाई बहुमुखी क्याम्पसको भवनमा नै बीआईटी र बीसीएका कक्षा सञ्चालन हुने र नगरपालिकाले जग्गा व्यवस्थापन गरेपछि महागढीमाई बहुमुखी क्याम्पस छुट्टै सञ्चालन हुने उपकुलपति यादवले बताए ।

राजर्षि जनक विश्वविद्यालयबाट अनुगमनमा भीसी अमर प्रसाद यादव, रजिस्ट्रार सत्यनारायण साह, व्यवस्थापन डिन विनोद साह, मानविकी कानून संकायका डिन नरेन्द्र कटुवाल ,कार्यकारी सदस्य अनिल कुमार साह राजवंशी, विश्वविद्यालय जनकपुर सभा सदस्य सुरेश कोइरीसहितको टोली आएका थिए । नगरपालिकामा भएको छलफलमा श्री गढीमाई बहुमुखी क्याम्पसका अध्यक्ष विजय सुवर्णकार, उपाध्यक्ष जितेन्द्र गुप्ता, सदस्य कैलाश महतो कोइरी, क्याम्पसका प्र.अ ध्रबेन्द्र यादव, श्री गढीमाई महेन्द्र प्राविधिक विद्यालयका अध्यक्ष उपेन्द्र गुप्ता, शिक्षक नेजाबुल अन्सारी, दिनेश कुशवहालगायतको उपस्थिति रहेको थियो ।

# एसईई ग्रेडवृद्धिमा अर्घाखाँचीबाट १ हजार बढी विद्यार्थी सहभागी हुँदै

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २० साउन

माध्यमिक शिक्षा परीक्षा एसईई पुरक ग्रेडवृद्धिको परीक्षा यहि साउन २३ गतेदेखि शुरु हुने भएको छ। उक्त परीक्षामा अर्घाखाँची जिल्लाबाट १ हजार ७ सय १५ जना विद्यार्थी सहभागी हुँदैछन् ।

शिक्षा विकास समन्वय एकाई अर्घाखाँचीले आइतबार केन्द्र अध्यक्षहरुको अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ।

राष्ट्रिय परीक्षा बोर्डका निर्णय अनुसार २०८० साल चैत १५ गतेदेखि सञ्चालन भएको माध्यमिक शिक्षा परीक्षामा नियमित परीक्षार्थीको रुपमा सम्मिलित भइ ग्रेड प्राप्त गर्न नसकेका र अनुपस्थित भएका सबै परीक्षार्थीहरुका लागि बोर्डको कार्यतालिका अनुसार अर्घाखाँचीमा पनि साउन २३ गतेदेखि परीक्षा शुरु हुनेछ । साउन ३१ गतेसम्म सञ्चालन हुने परीक्षा बिहान ११ बजेदेखि २ बजे सञ्चालन हुने छ ।

जिल्ला शिक्षा विकास तथा समन्वय एकाई प्रमुख मनीराम पराजुलीले यो वर्ष गत चैत्रमा अर्घाखाँची जिल्लाबाट २ हजार ९ सय १८ जना परीक्षामा सहभागी भएमध्ये ९ सय ८६ उत्तिर्ण भएको र १ हजार ९ सय ३२ जनाले परीक्षा दिन पाउने तथ्यांक देखिएपनि पुनर्योग र केही छुटका कारण ग्रेड वृद्धि परीक्षामा सहभागी संख्या कम भएको बताए ।

ग्रेडवृद्धि परीक्षालाई शान्त, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्न सबै पक्ष लाग्नुपर्ने प्रमुख जिल्ला अधिकारी सुर्य बहादुर खत्रीले बताए ।

प्रजिअ खत्रीले भने,'परीक्षाका प्रश्नपत्र, उत्तरपुस्तिकाको व्यवस्थापनमा निकै ख्याल गर्नुपर्छ, मोबाइल प्रयोग गर्न सक्ने विषयलाई विशेष ध्यान दिनुपर्ने देखिन्छ,पुरक परीक्षामा एकपटक असफल भएका विद्यार्थी हुने हुनाले पास हुनका लागि केही चिटिङको प्रयास पनि हुन सक्छ, केन्द्रअध्यक्ष ज्युहरुले निरीक्षकहरुलाई थोरै पनि कमजोरी भए कारबाही समेत हुने जानकारीसहित कडा निर्देशन आवश्यक छ, परीक्षामा आवश्यक सुरक्षाका साथै अन्य व्यवस्थापन कार्यका लागि हामी सबै नै प्रतिबद्ध छौं ।'

अभिमुखीकरण कार्यक्रममा जिल्ला समन्वय अधिकारी ऋषिराम भुसाल, जिल्ला शिक्षा विकास समन्वय एकाई प्रमुख मनिराम पराजुली, सेनानी महेश्वर थापा, प्रहरी नायव उपरीक्षक प्रतितसिंह राठोर, सशस्त्र प्रहरी नायव उपरीक्षक भिमसेन बोहोरा,अनुसन्धान अधिकृत खिमानन्द प्रोखेल लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा जिल्लामा सञ्चालन हुने परीक्षा केन्द्र केन्द्र अध्यक्षहरु, जनज्योती मावि सन्धिखर्कका केन्द्र अध्यक्ष माधव प्रसाद आचार्य, भगवती मावि सन्धिखर्कका केन्द्र अध्यक्ष ध्रुब बहादुर खत्री, युवा वर्ष र विचित्र मावि सन्धिखर्कका केन्द्र अध्यक्ष टेकराज आचार्य,ज्योती मावि ठाडाका केन्द्र अध्यक्ष शंकर आर्चायसहित कर्मचारी र सरोकारवालाहरुको सहभागिता रहेका थियो ।

कार्यक्रम जिल्ला परीक्षा समन्वय समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी सुर्य बहादुर खत्रीको अध्यक्षता, इकाइ प्रमुख मनिराम पराजुलीको स्वागत तथा विषयवस्तुमाथि प्रकाश र प्रास राम प्रसाद पौडेलले सञ्चालन गरेका थिए ।

# यशोधरामा कृषिमा न्यून लगानी, ४० प्रतिशत बजेट फ्रिज



**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २० साउन

यशोधरा गाउँपालिका कृषि प्रधान गाउँपालिकाको रुपमा परिचित रहेपनि लगानी भने न्यून रहेको पाइएको छ ।

यहाँका अधिकांश नागरिक कृषि पेशामा निर्भर छन् । गाउँपालिकाले किसानलाई आवश्यक कृषि सामग्री उपलब्ध नगराउँदा र कृषि क्षेत्रमा लगानी कम भएपछि कृषकहरुमा नैराश्यता देखिएको छ ।

एकातिर कृषि क्षेत्रमा न्यून लगानी भएको छ भने अर्कोतिर ४० प्रतिशत बढी कृषि बजेट फ्रिज भएको छ । गाउँपालिकाले बजेट विनियोजन भएपनि कृषि शाखाले योजनालाई रणनीतिक ढंगले बनाउन नसक्दा लगानी गर्न सकेको छैन ।

यशोधरा गाउँपालिकाको कृषि शाखामा स-सर्त अनुदानमा १४ लाख ४९ हजार, प्रदेशबाट ५० हजार र गाउँपालिकाको ५९ लाख ५० हजार रुपैया बजेट रहेको थियो ।

कुल बजेट ७४ लाख ४९ हजार मात्र रहे पनि कृषि क्षेत्रमा केही काम अगाडि बढ्न सकेन । कृषि शाखाको लापरबाहीले ४० प्रतिशत कृषिको बजेट फ्रिज भएको हो । वर्षभरि काम नगर्ने र असार मसान्त नजिक आउँदा काम गर्ने परिपाटीले अधिकांश पालिकाको बजेट फ्रिज हुने कारण देखिन्छ । कृषक सूचीकृत एवम् तथ्यांक संकलन कार्यक्रम, माटो परीक्षण, विद्युत मोटर वितरण जस्ता महत्वपूर्ण कार्यक्रम समेत नभएपछि बजेट फ्रिज भएका हुन् ।

यशोधरा गाउँपालिकाका अध्यक्ष शिव दयाल तिवारीले कृषि शाखाले केही बदमासी गरेको बताए। उनले पूर्व प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र ढकालको लापरवाहीले पालिकाको अधिकांश योजना र फाँटका बजेट फ्रिज भएको आरोप लगाए । अध्यक्ष तिवारी अनुसार ढकालले योजनाहरुको सम्झौता लगायत कामकाज समयमा नगर्दा बजेट फ्रिज भएको बताए ।

**धर्म...**
समानुपातिक प्रतिनिधित्व प्रणालीलाई खारेज गर्ने, यसलाई खारेज गरेपछि के हुन्छ बाँकी ? पञ्चायतकालको जस्तो, राजाको जस्तो एउटै जाति, एउटै भाषा र एउटै भेषको जातिवादी वा स्वच्छेचारी राज्यको स्थापना गर्ने हो ?'

थ्रेसहोल्ड बढाएर साना दललाई सिध्याउन खोजेको आरोप वर्तमान सरकारमाथि उनको छ । दुई दल लोकतन्त्र नै मास्ने प्रयास हुन लागेको उनको टिप्पणी छ ।

उनले भनेका छन्, 'नेपालको आन्दोलनको अहिलेसम्मकै उपलब्धि भनेको समावेशिता हो, आज सबैभन्दा बढी प्रहार राज्यका तर्फबाट सरकारमै रहेका दलहरूको तर्फबाट समावेशिकतामाथि समावेशी लोकतन्त्रमाथि प्रहार भइरहेको छ ।'

अर्थात, कांग्रेस र एमाले नेतृत्वको गठबन्धनमा स्थान नपाएपछि उपेन्द्र प्रतिपक्षीको बेन्चमा रहेका माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), एकीकृत समाजवादी लगायतका दलसँग नजिकिन खोजेका छन् ।

माओवादी केन्द्र, रास्वपा, एकीकृत समाजवादी लगायतका दलहरूले संसद् र सडकमा साझा एजेन्डा बनाउने सहमति गरेका छन् । यो एजेण्डामा यदाव नजिकिन खोजेको नेताहरू बताउँछन् ।

यादवले यसअघि नै समाजवादी मोर्चाबाट आफूलाई अलग भएको घोषणा गरिसकेका छन् । यसकारण उनलाई यो मोर्चामा फेरि सामेल हुन समेत अप्ठ्यारो परिरहेको छ । तर, रियलाइजेशन गरेर उपेन्द्र यादव मोर्चामा सहभागी हुन सक्ने मोर्चामा आवद्ध दलका नेताहरू बताउँछन् ।

पुष्पलालको जन्म शताब्दीको अवसरमा पुष्पलाल स्मृति प्रतिष्ठानले साउन १२ मा आयोजना गरेको एक कार्यक्रममा प्रचण्ड र यादवले मञ्च समेत सेयर गरेका थिए । उक्त कार्यक्रममा यादवले प्रचण्डतर्फ लक्षित गर्दै सत्ताका लागि जे पनि गर्न तयार हुने भन्दै कटाक्ष गरेका थिए । कटाक्षका साथसाथै यादवले प्रचण्डको नेतृत्वमा मुलुकमा परिवर्तन आएको भनेर प्रशंसा समेत गरेका थिए ।

**चारै...**
देउवा थिए तर उनीहरुलाई रोक्दै पूर्वमुख्यमन्त्री समेत रहेका शाह मुख्यमन्त्रीमा दोहोरिएका हुन् ।

पार्टी सभापति शेरबहादुर देउवाले शाहलाई नै मुख्यमन्त्रीमा सहयोग गर्न अन्य आकांक्षीहरुलाई निर्देशन दिएका थिए । केन्द्रीय सभापति देउवाको निर्देशनपछि शाह चार महिनामै मुख्यमन्त्रीमा फर्किएका हुन् ।

**वैदेशिक....**
५ सयको बीमा गर्नुपर्ने व्यवस्था छ । वैदेशिक रोजगारीमा जाने कामदारको श्रम स्वीकृति २ वर्षको हुने भएपनि खाडी मुलुक र मलेसिया जाने कामदारको श्रम स्वीकृतिभन्दा १ वर्ष बढी अवधिको म्यादी बीमा गरिँदै आएको छ ।

वैदेशिक रोजगार विभागका अनुसार हाल सूर्यज्योति लाइफ, सन नेपाल लाइफ, सिटिजन लाइफ, प्रभु लाइफ, सानिमा लाइफ, आइएमई लाइफ, मेट लाइफ कम्पनी लिमिटेडले वैदेशिक रोजगारमा जाने कामदारको म्यादी बीमा गर्ने गरेका छन्। यसका अतिरिक्त रिलायवल लाइफ, नेपाल लाइफ, नेशनल लाइफ इन्स्योरेन्स कर्पोरशेन (एलआईसी)नेपाल लगायतले वैदेशिक रोजगार बीमाको पोलिसी बेच्दै आएका छन्। गत वर्षसम्म वैदेशिक रोजगारी म्यादी बीमा बिक्रीमा नजोडिएको हिमालयन लाइफ इन्स्योरेन्स यस वर्ष सूचीकृत भएको छ ।

गत वर्षसम्म वैदेशिक रोजगार म्यादी जीवन बीमालेख बिक्रीमा सूचीकृत प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स चालु वर्षका लागि सूचीकृत भएको छैन । विभागका अनुसार गार्डियन माइक्रो लाइफ, लिबर्टी माइक्रो लाइफ, क्रेष्ट माइक्रो लाइफ म्यादी बीमाको व्यापारमा थपिएका छन् ।

**जापानमा...**
नेपालीले आकर्षक तलब पाउने सक्ने जेबीएमएका प्रतिनिधिको भनाइ छ ।

त्यसका लागि जेबीएमएले आगामी डिसेम्बरको शुरुतिर जाँच गर्ने बताइएको छ। जापानी भाषाको जेएफटी अथवा जेएलपीटीको एन ४ लेभलको अध्ययन पूरा गरेको नेपाली उक्त छनोट परीक्षामा सहभागी हुन पाउने बताइएको छ ।

**वकिलको...**
पारदर्शी बनाउने गरी नेपाल कानुन व्यवसायी परिषद ऐन २०५० लाई संशोधन गर्न लागिएको मन्त्री चौरसियाले जानकारी दिए ।

यसअघि, १५ फागुन २०७९ मा सम्पन्न कानून व्यवसायीहरुको सम्मेलनले समेत कानून व्यवसायीहरुको पेशागत दक्षता बढाउन लयर्स एकेडेमी स्थापनाका लागि नेपाल बार एसोसिएसनलाई निर्देशन दिएको थियो ।

वीरगञ्जमा सम्पन्न नेपाल बार एसोसिएसनको केन्द्रीय कार्यकारिणी परिषदको बैठकले जारी गरेको २३ बुँदे वीरगञ्ज घोषणापत्रमा सेवाग्राहीलाई सहजै न्याय दिन अदालतलाई आधुनिक र प्रविधिमैत्री बनाउन समेत ध्यानाकर्षण गरेको थियो । यसका लागि कानून व्यवसायीहरुको पेशागत दक्षता बढाउन लयर्स एकेडेमी सहयोगी निष्कर्ष निकालिएको थियो ।

**कुवेतमा रोजगार |** कम्पनी: FREE BULL INTERNATIONAL RESTAURANT AND CAFE CO.
शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०४/१८ चलानी नं.: ६०२२३०४३ LT. No.: 308338

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/Waitress | 1 | 4 | स. काममा दक्ष | 135 | ५९,१०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २८ गते (12 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ३७७/०५९/०६०
**हेभन ओभरसिज प्रा. लि.**
पोष्ट बक्स नं: ९९२४, पिंगलास्थान, गौशला, काठमाडौं, फोन: ४११३६४४, ४११३७७८, फ्याक्स: ४११३७७८
E-mail : heaven@wlink.com.np, Web:www.heavenoverseas.com

**Sirijangha Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Tellok, Taplejung**

**Invitation for Online Bids**

*First Date of publication: - 2081/04/21 (05th Aug. 2024)*

1. **Sirijangha Rural Municipality, Tellok, Taplejung** invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding with single stage single envelope procedure.

| S. N. | Description of Works | Contract Identification No. | Estimate Amount NRs (With VAT) | Bid Security (NRs) | Bid Document Fee | Bid Submission Date | Bid Opening Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Supply and Delivery of a 4WD Jeep (Full Option) for Sirijangha Rural Municipality, Taplejung. | NCB/Goods/SRM/01/2081/082 | 75,00,002.10 | 2,15,000.00 | 3,000.00 | 2081/05/19 04th Sep. 2024 Noon 12:00 | 2081/05/19 04th Sep. 2024 Noon 13:00 | 90 Days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Sirijangha Rural Municipality, Tellok, Taplejung, Facsimile no: 9769721963** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

# डाक्टर बन्न चाहन्थे, भए मन्त्री

कुलेन्द्र शाही/मध्यान्ह
सुर्खेत, २० साउन

घनश्याम भण्डारी दैलेख निर्वाचन क्षेत्र नं. २ (क) बाट निर्वाचित प्रदेश सभा सदस्य हुन् । नेपाली कांग्रेसबाट निर्वाचित भएका उनी कर्णाली प्रदेश सभा अन्तर्गत सामाजिक विकास समितिको सभापति हुन् ।

उनले स्थानीय तहको पहिलो निर्वाचनमा दुल्लु नगरपालिकाको प्रमुख भएर विकासका लागि विभिन्न पहलकदमीको नेतृत्व गरे । उनको कार्यकालमा सार्वजनिक पूर्वाधार, सरसफाइ, गरिबी निवारण कार्यक्रम र सामुदायिक सशक्तीकरण परियोजनाहरूमा उल्लेखनीय प्रगति भएका छन् । उनै भण्डारी अहिले कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्री बनेका हुन् ।

घनश्याम भण्डारी २०४० सालमा दुल्लु-२, साहुबाडा दैलेखमा बुवा स्वर्गीय पूर्णबहादुर भण्डारी र आमा चन्द्रा भण्डारीको कोखबाट जन्मिएका हुन् । भण्डारीले दैलेखको दुल्लु नगरपालिका-७ स्थित नेपाल राष्ट्रिय माध्यामिक विद्यालयमा (१-५) र श्री बिजया उच्च माध्यमिक विद्यालयमा (६-१२) पढाइ पूरा गरेपछि त्रिभुवन विश्वविद्यालयको द्रोणाचल क्याम्पसबाट स्नातक तह उत्तीर्ण भइ मध्यपश्चिम विश्वविद्यालयबाट स्नातकोत्तर तह पूरा गरे ।



### गाउँमै बितेको थियो बाल्यकाल

भण्डारीको बाल्यकाल आफ्नो गाउँको ग्रामीण परिवेशमा बित्यो, जहाँ उनी आफ्ना दाजुभाइसँगै कृषि गतिविधिमा हुर्किए । सानै उमेरदेखि उनले साहित्य र संगीतमा रुची देखाए, जसलाई उनले आफ्नो शैक्षिक प्रयाससँगै पछ्याए । शिक्षा र सामुदायिक संलग्नताप्रतिको उनको प्रतिबद्धताले उनको भावी नेतृत्व भूमिकाको जग बसाल्यो ।

### समाजलाई उज्यालो बनाउन राजनीतिमा प्रेरित

एक मध्यमवर्गीय किसान परिवारबाट आएका भण्डारी स्थानीय राजनीतिमा आफ्नो बुबाको संलग्नताबाट प्रेरित भएका थिए । बुबाको सशस्त्र द्वन्द्वको क्रममा तत्कालीन विद्रोही पक्षबाट २०५९ असोज १२ गते हत्या भएपछि उनलाई सानै उमेरमा राजनीतिक क्षेत्रमा आउन बाध्यता परेको थियो । भण्डारीले राजनीतिलाई व्यक्तिगत लाभको खोजीमा नभइ समाजलाई उज्यालो बनाउने माध्यम ठाने । उनी निःस्वार्थ भइ समाजको सेवामा विश्वास गर्छन् र राजनीतिलाई सामाजिक रुपान्तरणको औजार मान्छन् ।

### बुबाको मृत्युपछि लक्ष्य परिवर्तन

भण्डारीको राजनीतिमा यात्रा चुनौतीरहित थिएन । उनको परिवारको अपेक्षा उच्च शिक्षा हासिल गर्ने र डाक्टर बन्ने थियो । तर उक्त अपेक्षा उनको बुबाको मृत्युपछि परिवारप्रतिको जिम्मेवारीसँग बाझिएको थियो । यद्यपि, राजनीतिमा सक्रियरूपमा संलग्न हुँदा उनले आफ्नो पारिवारिक कर्तव्यहरू सन्तुलनमा राख्न सफल भए, अन्ततः नेपाली कांग्रेस पार्टीभित्र प्रख्यात भए ।

दुल्लु नगरपालिकाको मेयरका हैसियतमा भण्डारीले नगरपालिकाको विकासका लागि विभिन्न पहलकदमीको नेतृत्व गरेका थिए । उनको कार्यकालमा सार्वजनिक पूर्वाधार, सरसफाइ, गरिबी निवारण कार्यक्रम र सामुदायिक सशक्तीकरण परियोजनाहरूमा उल्लेखनीय प्रगति भएको थियो । उनले नागरिक चेतना र जवाफदेहितालाई बढावा दिने, सुशासन र जनसहभागितामा सुधार ल्याउने कुरामा पनि ध्यान केन्द्रित गरे ।

### वन समितिको नेतृत्वदेखि पत्रकारसम्म

सामुदायिक सेवामा भण्डारीको प्रतिबद्धता उनको राजनीतिक करियरभन्दा पनि बढ्यो । उनले स्थानीय संघसंस्थामा सक्रिय सहभागिता जनाएका छन् र विभिन्न विकास परियोजनामा योगदान पुऱ्याएका छन् । सामुदायिक वन उपभोक्ता समितिको नेतृत्वदेखि आफैं पढेको विद्यालयको व्यवस्थापन समिति, असल शासन क्लब जिल्ला समन्वय समितिको नेतृत्व हुँदै नेपाल प्रेस युनियन दैलेखको संस्थापक अध्यक्ष भए । उनले नेपाल पत्रकार महासंघ दैलेख शाखाको सचिव हुँदै केन्द्रीय महाधिवेशन प्रतिनिधिको रुपमा कार्य गरे ।

जिल्लाको पहिलो पत्रिका धमाका दैनिकदेखि द्रोणाचल साप्ताहिक, रेडियो दुल्लु, मध्यपहाड मासिकसम्मको सञ्चालकको भूमिकामा रहेर काम गरेका उनले दैलेख जिल्लाबाटै प्रकाशन तथा प्रसारण हुने राष्ट्रियस्तरका सञ्चारमाध्यम न्युज ट्वान्टीफर टेलिभिजन र राजधानी दैनिकमा रहेर पत्रकारिता गरे । ग्रामीण विकास संस्थामार्फत, स्थानीय शासन र सामुदायिक विकास कार्यक्रममा उनको संलग्नताले तल्लो तहको विकासमा आफ्नो समर्पण देखाएको छ ।

### महत्वाकांक्षी नेताहरूका लागि सल्लाह

भण्डारीले युवाहरूलाई सकारात्मक सोचलाई अंगाल्न, सार्वजनिक सम्पत्तिको संरक्षण गर्न र राष्ट्र निर्माणको प्रयासमा सक्रियरूपमा संलग्न हुन प्रोत्साहित गर्छन् । उनले समावेशी नेतृत्व, प्राविधिक आविष्कार, र दिगो विकास ड्राइभिङमा समुदायको सहभागिताको महत्वलाई जोड दिन्छन् । भण्डारीले नेपाली युवाको नेतृत्व गर्ने क्षमतामा विश्वास राख्दै व्यक्तिगत स्वार्थभन्दा सामाजिक हितलाई प्राथमिकता दिन आग्रह गरे ।

# उद्योगमन्त्री भण्डारीले लिए पूर्वमन्त्री र पूर्वसचिवहरुसँग सुझाव

**काठमाडौं/मस**-उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले ‘मन्त्रालय सुधार कार्ययोजना’ अन्तर्गत मन्त्रालयको नेतृत्व गरेका पूर्वमन्त्री र पूर्वसचिवहरुसँग अन्तरक्रिया सम्पन्न गरेको छ । उद्योगमन्त्री दामोदर भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा पूर्वमन्त्रीहरु लेखराज भट्ट, कर्ण बहादुर थापा, मिन बहादुर विश्वकर्मा, जयन्त बहादुर चन्द र शंकर कोइरालाले आ-आफ्नो धारणा व्यक्त गरे थिए । यसैगरी कार्यक्रममा उपस्थित पूर्वसचिवहरुले पनि आ-आफ्नो धारणा व्यक्त गरेका थिए ।



कार्यक्रमका वक्ताहरुले मन्त्रालयलाई सुधार गर्नका लागि काममा ढिलासुस्ती नगरी पारदर्शी ढंगबाट समयमै काम सम्पन्न गर्न सुझाव दिएका छन् । पूर्वमन्त्री मिन विश्वकर्माले भने, ‘कुनैपनि फाइल एकदिन भन्दा बढी कसैको टेबुलमा रोकिनु हुँदैन, यो मन्त्रालयको काम रोकियो अथवा काम गर्न नसकेर मन्त्रालय डुब्यो भने देश भोकमरीमा जान्छ । मन्त्रालयलाई सुधार गर्न सुझाव माग्नुभएको छ, सोहीअनुसार योजना बनाएर कार्यान्वयन गर्नुस् देश निर्माण हुन्छ, मन्त्रीज्यूको यो प्रयास सराहनीय छ ।’

नेकपा एमालेका सचिवसमेत रहेको पूर्वमन्त्री लेखराज भट्टले स्वदेशी उत्पादनलाई महत्व दिनुपर्नेमा जोड दिए । उनले स्वदेशी उत्पादनको प्रयोग बढाउन मन्त्रालयले चालेका कदम सकारात्मक रहेको बताए । कर्ण बहादुर थापाले काम सम्पन्न गर्नका लागि इमान्दरिताका साथ नीति नियम पालना गर्नुपर्ने बताए । उनले विगतमा सरकारी स्तरबाट सञ्चालन भएकामध्ये केही उद्योगहरु सञ्चालनमा ल्याउनुपर्ने सुझाव दिए ।

पूर्वमन्त्री जयन्त बहादुर चन्दले आर्थिक अनियमिततामा शून्य सहनशीलता अपनाइ काम गर्न सुझाव दिए । उनले भारत र चिनले गरेको प्रगतिको सिको गर्न जरुरी रहेको बताए । पूर्वमन्त्री शंकर कोइरालाले नीतिगत कुराहरुको सुधार गरी इमान्दारिताका साथ काम गर्न सुझाव दिए । कार्यक्रममा उपस्थित मन्त्रालयका पूर्वसचिवहरुले नीति निर्माण र योजना कार्यान्वयनका विषयमा सुझाव दिएका थिए ।

सो अवसरमा उद्योगमन्त्री भण्डारीले अग्रजहरुको अनुभव र नेतृत्वको उर्जामार्फत हालको विद्यमान निराशालाइ चिर्दै ‘सुखी नेपाली समृद्ध नेपाल’को राष्ट्रिय आकांक्षा पूरा गर्ने उद्देश्यका साथ सुझावका आधारमा योजना निर्माण गरी कार्य सम्पादन गर्ने बताए । उनले मन्त्रालयसँग सम्बन्ध राख्ने हरेक निकायसँग सुझाव लिएर अघि बढ्ने प्रतिबद्धता जनाए ।

# यातायात कार्यालय पर्साले संकलन गऱ्यो १ अर्ब ५१ करोड बढी राजस्व

आबिद हुसेन/मध्यान्ह
वीरगञ्ज, २० साउन

यातायात व्यवस्था कार्यालय वीरगञ्जले गत आर्थिक वर्ष २०८०/०८१ मा १ अर्ब ५१ करोडभन्दा बढी राजस्व संकलन गरेको छ ।




यातायात कार्यालयले गत आ.व.मा विभिन्न राजस्व शीर्षकबाट १ अर्ब ५१ करोड १८ लाख ७७ हजार ६ सय ८ रूपैयाँ राजस्व संकलन गरेको यातायात व्यवस्था कार्यालय वीरगञ्जका प्रमुख कमल गौतमले जानकारी दिए ।

प्रमुख गौतमका अनुसार कार्यालयले सवारी साधन करबाट सबैभन्दा बढी १ अर्ब १० करोड ५१ लाख ७५ हजार ४९ रुपैयाँ राजस्व संकलन गरेको छ । सबैभन्दा कम प्रशासनिक दण्ड, जरिवाना र जफतबाट १५ हजार ८ सय रुपैयाँ राजस्व संकलन गरेको छ ।

चालक अनुमति पत्र, सवारी दर्ता किताबसम्बन्धी दस्तुरबाट ३४ करोड २४ लाख ९० हजार १ सय ७२ रुपैयाँ र यातायात क्षेत्रको आम्दानीतर्फ ६ करोड ४१ लाख ९१ हजार ४ सय ९० रुपैयाँ राजस्व संकलन गरेको छ ।

यस्तै चालु आ.व.मा कार्यालयको बेरुजु रकमध्ये ५ हजार ९७ रुपैयाँ असुलउपर गरिएको पनि कार्यालय प्रमुख गौतमले बताए ।

स्थानीय सरकार
मैवाखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साँघु, ताप्लेजुङ
(१ नं. प्रदेश, नेपाल)
स्था : २०७३

**सेवा करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/०४/२१)
ने.सं.११४४ गुंलाथ्व, ०१

मैवाखोला गाउँपालिकामा रिक्त रहेको पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र मैवाखोला गाउँपालिकाको आन्तरिक राजश्व खातामा राजश्व बुझाएको बैंक भौचर सहित गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | पद/तह /श्रेणी | सेवा/समूह | संख्या | न्यूनतम शैक्षिक योग्यता | परीक्षा किसीम |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०८१-८२ | सूचना प्रविधि अधिकृत | सूचना प्रविधि | १ (एक) | लोकसेवा आयोगले लिने “कम्पुटर अधिकृत” पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communication Technologies वा सो सरहको विषयमा स्नातक उपाधि प्राप्त गरेको हुनु पर्ने । | लिखित र अन्तर्वार्ता |

१. **दरखास्त दिने अन्तिम मिति :-** २०८१/०५/०३
२. **उमेद्वारको उमेर हद :-** २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
३. **दरखास्त दिने स्थान :-** मैवाखोला गाउँपालिकाको कार्यालय
४. **आवेदनको दस्तुर :-** रु. १५००।-(एक हजार पाँचसय मात्र)
५. **दस्तुर बुझाउने :-** लक्ष्मी सन्राइज बैंकमा रहेको खाता “मैवाखोला गाउँकार्यपालिका ग १.१ आन्तरिक राजश्व खाता ०७६०४६२१२४७०३००६“ (MAIWAKHOLA GAU KARYAPALIKA GA 1.1 ANTARIK RAJASHWO KHATA)
६. **आवेदन साथ संलग्न कागजातहरु :-** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
   क. नागरिकता
   ख. न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   ग. चारित्रिक प्रमाण पत्र
   घ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात
   ङ) तालिमको प्रमाणपत्र
   च) २ प्रति पासपोर्ट साइजको फोटो
७. **सेवा सुविधा तथा अन्य :-** प्रचलित कानून तथा मैवाखोला गाउँपालिकाले तोके बमोजिम हुनेछ ।
८. आवेदनको ढाँचा तथा अन्य जानकारी मैवाखोला गाउँपालिकाको www.maiwakholamun.gov.np वेवसाइटबाट प्राप्त गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

साधना लघुवित्त बित्तीय संस्था लिमिटेड र सबैको लघुवित्त बित्तीय संस्था लिमिटेड एक आपसमा गाभिई “सम्पदा लघुवित्त बित्तीय संस्था लिमिटेड” को नामबाट बित्तीय कारोबार संचालन भएको उपलक्ष्यमा
हार्दिक बधाई तथा शुभकामना

NIMB — Newroad, Pokhara Branch, Ph. No.: 061-544244
Prabhu Bank — Damauli Branch, Ph. No.: 065-564803, 065-564804; Gorkha Branch, Ph. No.: 064-421406
NIC ASIA — Gorkha Branch, Ph. No.: 064-420623
Global IME Bank — Dumre Branch, Ph. No.: 065-580317, 065- 580447
Garima Bikas Bank Limited — Sabhagriha Chowk, Pokhara Branch, Ph. No.: 061-578435, 061-578436
Everest Bank Limited — Gongabu, Kathmandu Branch, Ph. No.: 01-4963076
Mahalaxmi Bikas Bank Ltd. — Damauli Branch, Ph. No.: 065-563338, 065-563339
NMB Bank — Damauli Branch, Ph. No.: 065-565200
Kumari Bank Limited — Damauli Branch, Ph. No.: 065-564502, 065-564503
Shangri-la Development Bank Ltd. — Dumre Branch, Ph. No.: 065-580434, 065-580435, 065-580436
Prime Commercial Bank Ltd. — Damauli Branch, Ph. No.: 065-563433, 065-563335
Reliable Life Insurance Ltd. ...Reliable Forever
Pokhara Finance Limited — Dumre Branch, Ph. No.: 065-580388, 065-580389
Uranus Tech Nepal Pvt. Ltd. — Homnath Rijal (Nirajan), Business Development Manager, New Baneshwor-10, Bijulibazar, Kathmandu, Nepal, nrijal@uranustechnepal.com, 01-5244670/5244242, 9851219541
Prabhu Money Transfer — Toll Free No.: 1660-01-44444, www.prabhumoneytransfer.com.np

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. — Metro Park Building, Third Floor, Uttar Dhoka, Lazimpat-2, Kathmandu, Nepal, +977-1-4419871, +977-9808819329 / 9818827005/ 9746459621, nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd. — Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal, +977-1-4415574 / 4415526 / 4415517 / 4415442, harvestmoon@mos.co.np, www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२१ साउन २०८१, सोमबार
5 August 2024, Monday

## सम्पादकीय

# बन्धक बनिरहेको सत्ता

बितेको चार महिनाभित्रै कतिपय प्रदेश सरकारको नेतृत्व दुईपटक परिवर्तन भयो । मन्त्रिपरिषद् त सबै प्रदेशमा पुनर्गठन भयो । तुलनात्मक स्थिर देखिएको मधेश प्रदेशमा पनि यसपटक मुख्यमन्त्री फेरियो । गत २१ फागुनमा संघीय सत्ता समीकरण फेरिदा मधेश प्रदेशमा जनता समाजवादी पार्टी (जसपा), नेपाल नेतृत्वको सरकार ढलेको थियो । सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रले नेपाली कांग्रेस छोडेर नेकपा एमालेसँग सहकार्य गर्ने निर्णय गर्दा मधेशको सरकार फेरिएको थियो । यसअघि संघीय सत्ता समीकरण जति फेरिए पनि उपेन्द्र यादवले मधेश सरकारको नेतृत्व जोगाउँदै आएका थिए । तर मधेश केन्द्रीत अर्को शक्ति जनमत पार्टीको समेत चलखेल हुँदा पहिलोपटक मधेश सरकारको नेतृत्वबाट जसपा नेपाल बाहिरिन पुग्यो ।

तर जनमत पार्टीका नेता सतिश सिंहले मुख्यमन्त्रीमा विश्वासको मत नलिदैसत्ता समीकरण फेरियो । धन्न सिंहकै नेतृत्व स्वीकार्न नयाँ सत्ता समीकरणका नेताहरू केपी शर्मा ओली र शेरबहादुर देउवा तयार भए । नत्र विश्वासको मत नलिइ सिंह नेतृत्वको सरकार ढल्ने थियो । तर उनको ढल्दा पनि नयाँ रेकर्ड चाहिँ हुने थिएन । प्रदेशहरूमा विश्वासको मत नपाउँदै सरकार ढल्नु सामान्य जस्तै भइसकेको छ । १० पुस २०७९ मा सुदूरपश्चिम प्रदेशको नेतृत्व लिएका एमाले नेता राजेन्द्र रावलको सरकार एक महिनामै ढलेको थियो । कोशीमा एमाले नेता हिक्मत कार्की र कांग्रेस नेता केदार कार्की नेतृत्वको सरकार पालैपालो विश्वासको मत नपाउँदै एक महिनाभित्रै ढलेको छ । गण्डकीमा विश्वासको मत नपाएर एमाले नेता खगराज अधिकारीको सरकार ढलेको छ ।

तर विश्वासको मत नपाएर सरकार लगातार ढलिरहँदा प्रदेश मध्यावधिमा भने गएको छैन । कोशी, गण्डकी, सुदूरपश्चिम सहित सबै प्रदेश सरकार स्पष्ट बहुमत सहित बनिरहेको छ । भलै सत्ता समीकरण फेरिएकाले सबैतिर धमाधम नयाँ सरकार बन्ने र मन्त्रिपरिषद् पुनर्गठन हुने प्रक्रिया चलिरहेको छ । बागमतीमा कांग्रेस नेता बहादुरसिंह लामा, लुम्बिनीमा एमालेका चेतनारायण आचार्य र सुदूरपश्चिममा कांग्रेसका कमलबहादुर शाह मुख्यमन्त्री नियुक्त भएका छन् । शाह दोहोरिएर मुख्यमन्त्री बनेका हुन् । अर्थात् प्रदेश सभाको मुख्य काम नै सरकार बनाउने भइरहेको छ । तर नागरिकमा भने सरकारप्रति बितृष्णा बढेर गइरहेको छ । कांग्रेस र एमाले मिलेर बनेको गठबन्धनका निम्ति यो प्रवृत्ति मुख्य चुनौती हो ।

# पर्यटन विकासका आधारहरू

*डिजिटल मार्केटिङलाई अँगालेर, सामाजिक सञ्जालको फाइदा उठाउँदै र अन्तर्राष्ट्रिय ट्राभल कम्पनीहरूसँग साझेदारी गर्दै अघि बढ्न सकेमा नेपालमा धेरैभन्दा धेरै पर्यटकहरू आकर्षित गर्न सकिन्छ ।*

अग्रलेख



● सोम सापकोटा

नेपाल दुई ठुला देश चीन र भारतको बिचमा रहेको भूपरिवेष्टित मुलुक हो । फरक-फरक भू-बनोटको प्राकृतिक स्वरूपसँगै यहाँको सांस्कृतिक पहिचानमा पनि विविधता छ । संसारकै अग्लो सगरमाथासहितका हिमश्रृखंलाहरू नेपालमै छन् । हरियाली पहाड, तराईका सम्म मैदानहरू यही देशमा छ । परम्परा, संस्कृति, रहनसहन पनि ठाउँअनुसारका फरक-फरक छन् । सानो तर, मनमोहक देशले विश्वभरका घुम्न चाहने पर्यटकहरूलाई आकर्षित गर्दै नेपालको बसाइले अविस्मरणीय अनुभव प्रदान गर्दछ । नेपालमा साहसिक, आध्यात्मिकता र सांस्कृतिक अनुभवहरूको मिश्रण प्राप्त गर्न सकिन्छ ।

जटिल र विविध प्रकारका भूभागका कारण नेपाललाई साहसिक पर्यटनको मुख्य गन्तव्य मानिन्छ । सगरमाथा क्षेत्र साहसिक पर्यटनको मुख्य केन्द्र हो । विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्नकै लागि मात्र पनि पर्यटकहरू नेपाल आउँछन् । सगरमाथासँगै नेपालमा आठ हजार मिटरका अग्ला आट वटा हिमालहरू छन् । मनासलु, ल्होत्से, धौलागिरि र मकालु जस्ता अग्लो चुचुराहरू आरोहण गर्ने क्रम चलिरहेको छ ।

त्यस्तै, सगरमाथा आधार शिविर र अन्नपूर्ण सर्किटलगायतका ठाउँ विश्व-स्तरीय पदयात्रा मार्गहरूका लागि प्रख्यात छन्, जुन स्थानले प्रत्येक वर्ष हजारौं पदयात्रीहरूलाई आकर्षित गर्दछ । अग्ला उचाइका गन्तव्यमा पदयात्रा गर्न चुनौती त छ तर, हिमाली चुचुरोहरूको मनोरम दृश्यहरू नियाल्दै यात्रा गर्नुको आनन्द पनि बेग्लै छ । पदयात्राका अतिरिक्त, ह्वाइट-वाटर र्‍याफ्टिङ्ग साहसिक पर्यटनको अर्को लोकप्रिय माध्यम हो । देशका द्रुत बग्ने नदीहरूमा र्‍याफ्टिङ गर्दा रोमाञ्चक अनुभव हुन्छ । यस्तै, खालको फरक परिप्रेक्ष्य खोज्नेहरूका लागि प्याराग्लाइडिङ साहसिक पर्यटनको अर्को माध्यम हो । पोखरा र अन्य क्षेत्रका प्याराग्लाइडिङको माध्यमबाट रोमाञ्चक दृश्यावलोकन गर्न सकिन्छ ।

नेपाल प्राकृतिक सुन्दरतासँगै ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको खानी हो । काठमाडौं उपत्यकालाई नेपालको सांस्कृतिक केन्द्रको रूपमा चिनिन्छ । काठमाडौंको हनुमान ढोका दरबार स्क्वायर, पाटन दरबार स्क्वायर, भक्तपुर दरबार स्क्वायर जस्ता ऐतिहासिक स्थलहरू विश्व सम्पदा सूचीमा सूचिकृत छन् । स्वयम्भू बौद्धहरूको महत्त्वपूर्ण धार्मिक स्थल हो । यहाँबाट उपत्यकाको मनोरम दृश्यहरू नियाल्न सकिन्छ । पशुपतिनाथ मन्दिर हिन्दु धर्मालम्बीको आस्थाको केन्द्र हो । जटिल वास्तुकला र पवित्र अनुष्ठानहरूले पशुपतिमा भक्तजन र पर्यटकहरूलाई आकर्षित हुन्छन् ।

रुपन्देही जिल्लामा रहेको बुद्ध जन्मस्थल लुम्बिनी देशको अर्को महत्त्वपूर्ण धार्मिक पर्यटकीय स्थल हो । यही ठाउँमा शाक्यमुनि राजा शुद्धोदनकी पत्नी मायादेवीले सिद्धार्थ गौतमलाई जन्म दिएकी थिइन् । सिद्धार्थ गौतमले ज्ञान प्राप्त गरेपछि गौतम बुद्धको रूपमा संसारभर चिनिएका हुन् । संसारका एक अर्ब बढी बुद्ध धर्मालम्बीहरूको मुख्य तीर्थस्थल लुम्बिनीमा शान्त वातावरणमा बगैंचा र ऐतिहासिक स्मारकहरूको अवलोकन गर्न सकिन्छ । नेपालका चाडपर्व, परम्परागत नृत्य र कालिगडका शिल्पीहरूमा पनि सांस्कृतिक सम्पदाका समृद्ध पहिचान झल्किन्छ । स्थानीय मौलिक जीवनशैली र परम्पराहरूले पर्यटकहरूलाई रमाइलो अनुभव प्रदान गर्दछ ।

पछिल्ला वर्ष नेपाल आध्यात्मिक र स्वस्थ पर्यटनको उपयुक्त गन्तव्यको रूपमा पनि विकास हुँदै गएको छ । यहाँको शान्त प्राकृतिक वातावरण, पौराणिक आध्यात्मिक परम्पराहरूसँग मिलेर गरिने ध्यान र योग रिट्रीटहरूले पनि मनमा फरक प्रकारको उर्जा



प्रदान गर्छ । नेपालभरका असङ्ख्य मठ मन्दिर, ध्यान केन्द्रहरू र कल्याण रिसोर्टहरूले आन्तरिक शान्ति, विश्राम र समग्र कल्याणलाई प्रवर्द्धन गर्ने गरी कार्यक्रमहरू अगाडि बढाएका छन् । काठमाडौं उपत्यका, पोखरा जस्ता सहरहरूमा बसेका भिडभाड तथा कोलाहलबाट केही समय भए पनि मुक्त हुन खोज्नेहरूलाई योग र रिट्रीटहरूले आकर्षित गर्ने गरेको छ ।

यी रिट्रीटहरूले प्रायः योग सत्रहरूलाई ध्यान अभ्यासहरू, कल्याण कार्यशालाहरू र व्यक्तिगत प्रतिबिम्बको लागि अवसरहरू संयोजन गर्दछ । काठमाडौं वरपरका शान्त पहाडहरूमा रहेका ध्यान केन्द्रहरूले आत्म-खोज र आध्यात्मिक विकासको लागि अनुकूल वातावरण प्रदान गरेका छन् । नेपालमा 'वेलनेस टुरिजम'को बढ्दो लोकप्रियताले स्वास्थ्य र सजगताको विश्वव्यापी प्रवृत्तिलाई झल्काउँछ । पुरातन परम्परा र आधुनिक अभ्यास दुवैमा निहीत रहेको कल्याणका लागि नेपालको समग्र दृष्टिकोणप्रति आगन्तुकहरू बढ्दै गएका छन् । देशको प्राकृतिक सौन्दर्य र शान्त वातावरणले यसको कल्याण प्रस्तावहरूको अपिललाई बढाउँछ, यसलाई पुनर्स्थापना अनुभव खोज्नेहरूका लागि मन पर्ने गन्तव्य बनाउँछ ।

नेपाल इकोसिस्टम र वाइल्ड लाइफ टुरिजम लागि पनि उपयुक्त गन्तव्य हो । प्रकृतिमा आधारित पर्यटनका लागि धेरै अवसरहरू प्रदान गर्दछ । चितवन राष्ट्रिय निकुञ्ज र बर्दिया राष्ट्रिय निकुञ्ज जस्ता मुलुकका राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्षहरू जैविक विविधता र संरक्षणको क्षेत्रमा प्रख्यात छन् । यी निकुञ्ज तथा वन्यजन्तु आरक्षहरूले लोपोन्मुख प्रजातिहरू जस्तै : बाघ, एक सिङे गैंडा र घडियाल गोहीको लागि वासस्थान प्रदान गरेको छ । विश्व सम्पदा सूचीमा सूचिकृत चितवन राष्ट्रिय निकुञ्जमा घाँसे मैदान र वनहरू जीप सफारी, क्यानो सवारी र निर्देशित प्रकृति पदयात्राको माध्यमबाट अवलोकन र अन्वेषण गर्न सकिन्छ । पश्चिमी तराई क्षेत्रमा अवस्थित बर्दिया राष्ट्रिय निकुञ्जले वन्यजन्तु हेर्ने र चरा अवलोकन गर्ने अवसरहरू प्रदान गर्दछ ।

राष्ट्रिय निकुञ्जहरू बाहेक उच्च पहाडी स्थानहरूमा अल्पाइन घाँसे मैदानहरू, हिमतालहरू र प्राचीन नदीहरू अवलोकन गर्न सकिन्छ । प्राकृतिक सम्पदा संरक्षण गर्न राज्यको प्रतिबद्धता, संरक्षण प्रयास र दिगो पर्यटन अभ्यास आवश्यक हुन्छ । स्थानीय समुदाय र आगन्तुक पर्यटकहरूको आवश्यकतासँग पारिस्थितिक प्रणालीको संरक्षणको सन्तुलनलाई पनि ध्यान दिनुपर्छ ।

विविध पक्षका आकर्षणका बाबजुद पनि, नेपालको पर्यटन क्षेत्रले दिगो विकास सुनिश्चित गर्न थुप्रै चुनौतीहरूको सामना गरिरहेको छ । यातायात, आवास र सञ्चार सुविधाहरूमा केही

> *नेपाल प्राकृतिक सुन्दरतासँगै ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको खानी हो । नेपालका चाडपर्व, परम्परागत नृत्य र कालिगडका शिल्पीहरूमा पनि सांस्कृतिक सम्पदाका समृद्ध पहिचान झल्किन्छ । स्थानीय मौलिक जीवनशैली र परम्पराहरूले पर्यटकहरूलाई रमाइलो अनुभव प्रदान गर्दछ ।*

सुधार भए पनि पूर्वाधार विकास मुख्य चिन्ताको रूपमा रहेको छ । दुर्गम र जटिल पहाडी भूभागले पर्यटन क्षेत्रमा चुनौती थपेको छ । यी ठाउँको पहुँच र आगन्तुक अनुभव वृद्धि गर्न पूर्वाधारमा निरन्तर लगानी आवश्यक छ । वातावरणीय स्थायित्व अर्को महत्त्वपूर्ण पक्ष हो, किनकि पर्यटनले प्राकृतिक परिदृश्य र इकोसिस्टमलाई असर गर्न सक्छ । नेपालले पर्यावरणमैत्री आवासको प्रवर्द्धन, फोहोर नियन्त्रण र संरक्षणको पहलका साथै दिगो पर्यटन अभ्यासहरूमा ध्यान केन्द्रित गर्नुपर्छ ।

समुदायमा आधारित पर्यटन र जिम्मेवार यात्रा अभ्यासहरूको विकासले वातावरणीय प्रभावहरूलाई कम गर्न र स्थानीय अर्थतन्त्रहरूलाई चलायमान गर्न मद्दत गरिरहेको छ । नेपालको पर्यटन विकासका लागि मार्केटिङ र ग्लोबल भिजिबिलिटीले पनि महत्त्वपूर्ण भूमिका खेल्छ । जबकि नेपालले आफ्ना पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धनमा केही काम भएको छ । अन्य देशका लोकप्रिय गन्तव्यहरूसँग प्रतिस्पर्धा गर्न थप रणनीतिक मार्केटिङ आवश्यक छ । डिजिटल मार्केटिङलाई अँगालेर, सामाजिक सञ्जालको फाइदा उठाउँदै र अन्तर्राष्ट्रिय ट्राभल कम्पनीहरूसँग साझेदारी गर्नुपर्छ । यसो गरेमा नेपालको पहिचान बढाउन र धेरै भन्दा धेरै पर्यटकहरू आकर्षित गर्न सकिन्छ ।

**(सापकोटा, पर्यटन प्रवर्द्धक हुन् ।)**

## सामाजिक सञ्जाल



**- राधाकृष्ण कटवाल**

संसारको सबैभन्दा मूल्यवान भनेको समय, विश्वास र माया हो । जसले पालना गर्दै त्यसले पछुताउनु पर्छ । हामीहरूले पनि त्यही गरिरहेका छौं । हरेक घर परिवारमा कलह आउनु नबुझेर हो । त्यसकारणसमय, विश्वास र मायाको महत्व बुझौं र बुझाऊ । त्यसपछि जीवनमा न कहिले दुःख पर्छ न त पछुताउनु नै पर्छ ।



**- बद्रि विनोद खनाल**

पटक-पटक राजदूत नियुक्त हुँदा पनि म पर्दिन किन होला ? अन्तराष्ट्रिय कूटनीति पढे पढाए तर, कुरै बुझिन । वुर्जुवा पुँजीवादी गणतन्त्रमा पढेर मात्र नहुने रहेछ, विषय विज्ञताको खोजी नहुँदो रहेछ । कुटनीतिक विषयका प्रध्यापकको यो गुनासो पनि ठिकै लाग्यो ।



**- सूर्यराज आचार्य**

राजनीतिक नेतृत्व तहमा इमान र भिजन, राज्य संयन्त्र तथा टेक्नोक्र्याटिक तहमा दक्षता र देशभक्ति तथा आम नागरिकको तहमा विवेकशीलता (र्‍यासनालिटी) बिना राष्ट्र निर्माण सम्भव हुन्छ जस्तो लाग्दैन । नेपालमा यी सबै पक्षमा भ्वाङ पर्दै गरेको अवस्था हो र ?



**- सेतेमान तामाङ**

देशको हरेक निकाय बिग्रेको राजनीतिकरणले मात्रै नभई भ्रष्ट मानसिकता, अनैतिकता कार्य र असक्षमताहरूको समूहको दुस्साहस र निकम्मापनले देश डुबाएको हो । तिनीहरू आफैले आफैंलाई प्रतिभाशाली र सफलताको भाष्य निर्माण गरी अरुमाथि बर्चस्व कायम राख्न अनेक षडयन्त्र प्रयोग गरिन्छ ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | स्वास्थ्य लाभ हुनेछ । पराक्रममा वृद्धिको योग छ । |
| वृष : | धार्मिक कार्यमा सहभागी हुने योग छ । विवादमा भने पर्न सकिन्छ । |
| मिथुन : | अचल सम्पत्तिमा वृद्धि हुनेछ । नाता गोतासित भेट हुने योग छ । |
| कर्कट : | लगानी बढ्दै जानेछ । शुभ कार्य सम्पन्न हुने योग छ । |
| सिंह : | राजनैतिक लाभ प्राप्त हुनेछ । जिम्मेवारी थपिनेछ । |
| कन्या : | अनावश्यक खर्चमाथि नियन्त्रण राख्नुहोला । नयाँ काम बन्ने योग छ । |
| तुला : | जीवनसाथीको राम्रो सहयोग पाइनेछ । अचानक धनलाभको योग छ । |
| वृश्चिक : | स्वास्थ्य राम्रो रहनेछ । आजको दिन धेरै शुभ छ । |
| धनु : | व्यर्थको यात्रा र परेशानी हुनेछ । साहसीक कार्य सफल हुनेछ । |
| मकर : | आय वृद्धि हुने योग छ । राजनैतिक कार्यमा रोकावट आउनेछ । |
| कुम्भ : | पारिवारिक कार्य सफल हुनेछ । उन्नतिको मार्ग प्रशस्त हुने योग छ । |
| मीन : | काम गर्दा गर्दै अचानक रिस उठ्न सक्छ । पारिवारिक खुशी प्राप्त हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# मध्यपूर्व संकटले थपेको चिन्ता

विचार



● शिव विक 'मिलन'

> *नेपालको अभ्यास आफैँ सक्षम हुने होइन, अरूको सहारा खोज्ने खालको बनिसकेको छ । केही भयो कि छिमेकीलाई गुहार्ने । विशेष गरी दक्षिणी छिमेकी देश भारतसँग गुहार माग्ने प्रचलन हाम्रो पुरानै छ । यदि भारतले गुहार नदिएमा के गर्ने ? त्यो विकल्प भने नेपालसँग भएको पाइन्न ।*

१० महिनापछि फेरि मध्यपूर्वमा युद्ध संकट बढ्ने देखिएको छ । घटनाक्रमलाई हेर्दा, मध्यपूर्वमा युद्ध भुसको आगोजस्तो भित्रभित्रै दन्किरहेको देखिन्छ । अब रुस-युक्रेन शैलीको युद्ध मध्यपूर्वमा सर्न सक्ने खतरा निकै बढेको देखिन्छ । यद्यपि, मध्यपूर्वमा विकास भइरहेको यस्तो अवस्थाबारे नेपाललाई भने खास वास्ता छैन । यहाँका सरोकारवाला, जसबारे पूर्ण सरोकार विहीन देखिन्छन् । जानकारले लेबनान, इजरायल र खाडीमा नेपालीहरूको अवस्था के होला भन्ने चिन्ता व्यक्त गरेका छन् । यसअघिका सन्दर्भमा आफ्नै नागरिकको उद्धारमा नेपाल पूर्ण सक्षम भएको देखिएको थिएन ।

इजरायलले लेबनान र इरानमा हेजुब्ल्लाह र हमासका शीर्षस्थ नेताहरूको हत्या गरेपछि त्यसको प्रतिकारमा इरानले इजरायलमाथि कारबाही गर्ने र सम्पूर्ण मध्यपूर्वमा युद्ध भड्किने सम्भावना बढेको छ । यो युद्ध इजरायल र अरबबिच मात्रै सीमित हुने अवस्था छैन । यसले पूर्व र पश्चिम जताततै प्रभाव पार्ने देखिन्छ । जसको बाछिटा हाम्रै नजिक आउने निश्चित छ ।

अन्तर्राष्ट्रिय फोरममा जसरी चिन्ता व्यक्त भइरहेको छ, यसलाई हेर्दा, समस्त खाडी क्षेत्र असुरक्षित हुनसक्छ । जुन आधा नेपाली युवा रहेको क्षेत्र हो । यस्तो अवस्थामा खाडी क्षेत्रमा रहेका लाखौं नेपालीहरू यो युद्धको चपेटामा पर्न सक्छन् । यस्तो भयो भने खाडी क्षेत्रबाट नेपालीको उद्धार कसरी गर्ने विषय सामान्य छैन ।

गत वर्षको असोजमा इजरायल-हमास युद्ध हुँदा हमासको कब्जामा परेका विपिन जोशीको अहिलेसम्म उद्धार गर्न सकिएको छैन । नेपालको कूटनीतिक क्षमता कमजोर हुँदा जोशी नेपाल फर्कन पाएका छैनन् । विडम्बनाको विषय, उनी जिउँदै छन् या छैनन् भन्ने पनि सरकारलाई स्पष्ट जानकार छैन । तत्कालीन समय पश्चिमा शक्तिको पिछलग्गु भएर आफ्नै नीति बिर्सिंदा जोशी हमासको कब्जामा पुगेका थिए ।

मध्यपूर्वी देशहरुमै लाखौं संख्यामा नेपालीहरू छन् । यदि युद्ध संकट चर्कियो भने सरकार उनीहरूलाई कसरी उद्धार गर्न सक्छ ? नेपाल सरकारको ल्याकत छ त ? अरू त अरू सत्तामा बसेकाहरूले कसरी गर्न सक्छौं भन्ने सोच्नसमेत सकेका छैनन् । विडम्बना नै भन्नुपर्छ, उनीहरूमा त्यसबारे कुनै चिन्ता नै देखिन्न ।

हुन पनि नेपालको अभ्यास आफैं सक्षम हुने होइन, अरूको सहारा खोज्ने खालको बनिसकेको छ । केही भयो कि छिमेकीलाई गुहार्ने । विशेष गरी दक्षिणी छिमेकी देश भारतसँग गुहार माग्ने प्रचलन हाम्रो पुरानै छ । यदि भारतले गुहार नदिएमा के गर्ने ? त्यो विकल्प भने नेपालसँग भएको पाइन्न । अफगानिस्तान युद्ध होस् वा युक्रेन युद्ध वा मध्यपूर्व कहीं पनि नेपालले आफैं उद्धार गर्न सक्षम भएको देखिन्न ।

धेरै वर्ष अगाडिको होइन, सन् २०२१ अगस्टमा तालिबानले कब्जा गरेपछि अन्य देशका नागरिकलाई आफ्नो देश छाड्न उर्दी गऱ्यो । यद्यपि, नेपालीहरूलाई सहज ल्याउन नेपाल सक्षम बनेन । झन्डै १४ सय नागरिकलाई स्वदेश फर्काउन नेपाललाई हम्मे परेको थियो । कोही भारत त कोही अन्य देशको सहयोगमा समेत देश फर्किएका थिए ।

त्यसकारण समयमै सरकारले यस्ता विषयमा ध्यान दिन आवश्यक छ । कुन देशमा आफ्ना नागरिक कति छन्, समस्या परेमा उनीहरूको उद्धार कसरी सकिन्छ, के-के संयन्त्रको प्रयोग गर्न सकिन्छ, भन्नेबारे सोंच्नु आवश्यक छ । मुलुक तिनै नागरिकले मजदुरी गरेर पठाएको रेमिट्यान्सबाट चलेको छ, जसको विषयमा चिन्ता गर्नु राज्यको दायित्व हो । सरकार आफ्नो नागरिकप्रति चनाखो होस् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.

# बंगलादेशमा पुनः चर्कियो आन्दोलन, अनिश्चितकालीन कर्फ्यू जारी



**काठमाडौं/एजेन्सी–** बंगलादेशमा पुनः चर्किएको सरकार विरोधी प्रदर्शनका क्रममा आइतवार मात्रै कम्तीमा ५० जनाको मृत्यु भएपछि सरकारले अनिश्चितकालीन कर्फ्यू लगाएको छ। गृह मन्त्रालयले एक प्रेस विज्ञप्ति जारी गरेर आइतबार साँझ ६ बजेबाट कर्फ्यू घोषणा गरेको हो ।

गृह मन्त्रालयका अनुसार सबै प्रमुख सहरहरूका साथै, नागरपालिका, औद्योगिक क्षेत्र र जिल्ला सदरमुकाम क्षेत्रमा मानिसहरूलाई बाहिर निस्कन रोक लगाइएको छ। यसअघि लगाइएको कर्फ्यू आइतबार बिहान ६ बजेबाट राती नौ बजेसम्म खुकुलो बनाइएको थियो। राजधानी ढाकामा मोबाइल उपकरणहरूमा प्रयोग गरिने इन्टरनेट बन्द गरिएको छ। सरकारी सेवामा आरक्षण प्रणालीविरुद्धको न्यालीका क्रममा जुलाईदेखि शनिबारसम्म भएका हुलदंगामा दुई सयभन्दा बढी व्यक्तिको ज्यान गएको छ । राष्ट्रव्यापी नागरिक अवज्ञा अभियानका प्रमुख प्रदर्शनकारीमध्ये एक आसिफ महमुदले समर्थकहरूलाई सरकारविरुद्ध लड्न तयार हुन आग्रह गरेका छन् ।

सेनाले आरक्षण प्रणालीको चर्को विरोधका बीच सरकार पुनर्स्थापना गर्न मद्दत गरिरहेको बेला केही पूर्व सैन्य अधिकारीहरू भने विद्यार्थी आन्दोलनमा सामेल भएका छन् । पूर्व सेना प्रमुख जनरल इकबाल करिम भुइयाँले प्रदर्शनसँग समर्थित रहेको प्रतिबिम्बित गर्दै आफ्नो फेसबुक प्रोफाइल तस्बिर रातो बनाएका छन् ।

वर्तमान सेना प्रमुख वाकर-उज-जमानले शनिबार ढाकाको सैन्य मुख्यालयमा अधिकारीसँग कुरा गर्दै भने, 'बंगलादेशी सेना जनताको विश्वासको प्रतीक हो ।'

'हामी सधैं जनताको पक्षमा उभिएका छौं र जनताको हित र राज्यको कुनै पनि आवश्यकताको समयमा जनताको साथमा हुनेछौं,' शनिबार जारी भएको सेनाको विज्ञप्तिमा उनले भने । विज्ञप्तिमा सेनाले विरोध प्रदर्शनलाई समर्थन गरेको छ वा छैन भनेर स्पष्ट रूपमा भनिएको छैन ।

# धार्मिक कार्यक्रममा पर्खाल भत्किँदा नौ बालबालिकाको मृत्यु



**काठमाडौं/एजेन्सी–** भारतको मध्य प्रदेश राज्यमा एक धार्मिक कार्यक्रमका क्रममा पर्खाल भत्किँदा कम्तीमा नौ बालबालिकाको मृत्यु हुनुका साथै अन्य कैयौं घाइते भएका छन् । मध्य प्रदेशको राजधानी भोपालबाट करिब २०५ किलोमिटर उत्तरपूर्वमा पर्ने सागर जिल्लाको शाहपुर गाउँमा पर्खाल भत्किएको हो ।

'आइतबार शाहपुरको हरदौल बाबा मन्दिर नजिकै भएको दुःखद घटनामा १० देखि १५ वर्ष उमेर समूहका नौ बालबालिकाको मृत्यु भएको छ भने कैयौं घाइते भएका छन् । मन्दिरको छेउमा रहेको घरको भित्ता ढल्दा धार्मिक कार्यक्रममा सहभागी हुनका लागि मानिसहरू मन्दिरमा जम्मा भएका थिए,' एक प्रहरी अधिकारीले भने ।

पचास वर्ष पुरानो र जीर्ण घर बर्खायाममा भारी वर्षाका कारण भत्किएको उनले बताए । घटनालगत्तै उद्धार र भग्नावशेषमुनिबाट मृतकलाई निकाल्न प्रकोप प्रतिकार्य बलका जवानहरू र प्रहरी टोलीहरू घटनास्थलमा पठाइएको अधिकारीहरूले जनाएका छन् । घाइते बालबालिकालाई उपचारका लागि अस्पताल लगिएको छ ।

त्यसैगरी, शनिबार भएको राज्यको रीवा जिल्लामा एक अर्को घरको पर्खाल भत्किँदा चार बालबालिकाको मृत्यु भएको छ । पाँचदेखि सात वर्ष उमेर समूहका ती बालबालिका विद्यालयबाट फर्कँदै गर्दा पर्खाल भत्किएको थियो ।

# आफ्ना नागरिकलाई लेबनान छोड्न फ्रान्सको आग्रह



**काठमाडौं/एजेन्सी–** इजरायल र हिजबुल्लाहबीच चौतर्फी युद्ध र व्यापक क्षेत्रीय द्वन्द्वको डरबीच फ्रान्सले आइतबार लेबनानमा रहेका आफ्ना नागरिकलाई तत्काल देश छोड्न आग्रह गरेको छ ।

'लेबनान भ्रमण गर्ने र त्यहाँ रहेका फ्रान्सेली नागरिकलाई त्यहाँको सुरक्षा अवस्थाप्रति ध्यानाकर्षित गराउन चाहन्छौं र उनीहरूलाई तत्काल लेबनान छोड्न र आफ्नो देश फर्कन आग्रह गर्दछौं,' लेबनानका लागि यात्रा सुचनामा फ्रान्सेली विदेश मन्त्रालयले भनेको छ ।

फ्रान्सेली विदेश मन्त्रालयले बिहीबार फ्रान्सका लागि व्यावसायिक उडानको निरन्तर उपलब्धतालाई जनाउँदै सूचनापत्र जारी गरेको थियो । फ्रान्सले अनुमानित २३ हजार नागरिक लेबनानमा बस्ने गरेको जनाएको छ र गत महिना लगभग १० हजार फ्रान्सेली नागरिकहरू लेबनान भ्रमण गरिरहेका थिए ।

स्वीडेनले पनि बेरूतमा रहेको आफ्नो दूतावास बन्द गर्ने घोषणा गर्दै आफ्ना नागरिकलाई तत्काल देश छोड्न आह्वान गरेको छ । मन्त्रालयले आइतबार इरान र यसका सहयोगीहरूले हमासको राजनीतिक नेताको हत्याको लागि इजरायललाई दोष दिँदै बदला लिने धम्की दिएपछि क्षेत्रीय द्वन्द्वको डरले फ्रान्सेली नागरिकलाई तत्काल लेबनान यात्रा नगर्न आग्रह गरेको हो ।

तेहरानले पनि हमास र लेबनानसँग सम्वद्ध इरान समर्थित लडाकू समूह हेजबुल्लाहले जस्तै इस्माइल हानियाको बुधवार भएको हत्यामा इजरायलको संलग्नता रहेको आरोप लगाएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: OCEAN FOOD GENERAL CONTRACTING COMPANY — शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०८१/०१/२४ — चलानी नं.: ६०२१९१०३ — LT. No.: 304294 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २८ गते (12 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

THE KANTIPUR GROUP — श्रम इजाजत नं. ५२३/०६१/०६२
**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**
पो.ब.नं.: ९०३३, सामाखुसी-३, काठमाडौं, फोन नं.:०१–४९८८८०८,४९७९४४४,४९७९५५५,४९७९६६६
फ्याक्स: ४३८१११७ मो. 9801001144/9810201278
Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com



## Saudi Arab मा वैदेशिक रोजगारको अवसर

कम्पनी: LANDMARK ARABIA COMPANY BRANCH — शहर: Saudi Arabia,RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०४/१६ — चलानी नं.: ६०२२३०४४ — L.T. No.:308161

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 1 | 0 | स. काममा दक्ष | 1500 | ५३,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २८ गते (12 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. २३५/०५८/०५९
**Crown Employment Consultant Pvt. Ltd.**
Banshidhar Marga, Chappal Karkhana, Kathmandu, Tel: 4426566
Email: hr@crown.com.np | web: www.crown.com .np



## यूएईमा रोजगारको अवसर

कम्पनी: PEAK STAR CONTRACTING LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः२०८०/०१/१० — चलानी नं.: ६०२१८४८४ — LT. No.: 303620 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 1 | 0 | | 1200 | ४३,६८० | | | | | | | |
| 3. | Labor | 3 | 0 | | 800 | २९,१२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २८ गते (12 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1081/073/074
**Maven Recruitment Services Pvt. Ltd.**
साविकको: Baby Star International Pvt. Ltd.
Sinamangal-9 (Tara Hall Chowk), Kathmandu, Tel: 4592613, 4594173, Fax: 4494173
Email: mavenrs2017@gmail.com, Web.: www.babystar.com.np



## KUWAIT मा रोजगार

कम्पनी : ALANSARI & BHASIN TRADING CO WLL — शहर: KUWAIT
पुर्व स्वीकृत मितिः २०८०/०८/२४ — चलानी नं.: ६०२११२०४ — L.T. No.: 296169 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 5 | 0 | स. काममा दक्ष | 150 | ६५,६६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २८ गते (12 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**OMAMA MANPOWER PVT. LTD.**
Gov. Lic. No. 1422/074/075
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu,
Tel: 01-4581383, 01-4587731.
Mobile 9801054684, 9801054682, 9702046184, 9702221858
E-mail: omama.manpower1422@gmail.com URL : www.omamamanpower.com



## यूएईमा रोजगारको अवसर

कम्पनी: SHAMS ALWAFA HOSPITALITY SERVICES CO. LLC — शहर: UAE
पुर्व स्वीकृत मिति: २०८०/०३/२१ — चलानी नं.: ६०२०४२८९ — L.T. No.: 288940 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 40 | स. काममा दक्ष | 1300 | ४७,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २८ गते (12 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
सम्भु मार्ग रोड नं. ३ एर्यरपोट, काठमाडौ फोन नं. ०१–५९१८७९.
श्रम इजाजत पत्र नं. ४४८/०६०/०६१
मो. :९८१३९८६०२३, ९८१३४०७७२९ E-mail: apply.ozone1@gmail.com



## Invitation For Bids
### Aishwarya Multiple Campus
### Dhangadhi, Kailali
### Invitation for the Bids

**Date of Publication: 5th August 2024 (2081/05/21 B.S.)**

1. Aishwarya Multiple Campus, Dhangadhi Kailali invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Total Project Cost Excluding VAT and Contingency including PS (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Bid Opening/ Submission Date | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | AMC/ UGC/W/ NCB/01- 2081/82 | Construction of Fourth Floor of Aishwarya Multiple Campus Building for Science and Computer Lab, Dhangadhi - 05, Kailali | 1,09,59,030.93/- | 3,00,000/- | 3,000/- | Bid Submission Date : 4th Sept. 2024 (2081/05/19 B.S.) 12:00 Noon Bid Opening Date : 4th Sept. 2024 (2081/05/19 B.S.) 12:30 Noon | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Aishwarya Multiple Campus, Dhangadhi, Kailali, Email: amc_dhangadhi@yahoo.com, Phone No. 091-526877 or may visit PPMO website www.bolpatra.gov.np/egp.



## यूएईमा रोजगार

कम्पनी: AL TAFADOL BUILDINGS MAINTENANCE LLC — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/०५/०८ — चलानी नं: ६०२०६७६९ — LT. No.:291577 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Female | 0 | 2 | | 1000 | ३६४०० | | | | | | | |
| 3. | Tile Layer | 51 | 0 | | 1200 | ४३६८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २८ गते (12 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

ईजाजत नं. ९३४/०६७/०६८
**सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.**
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com



## UAE मा रोजगारको अवसर

कम्पनी: IMDAAD L.L.C. (UAE) — शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०४/०३ — चलानी नं.: ६०२०४८८५ — LT. No.: 289639 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Janitress | 0 | 141 | सम्बन्धित काममा दक्ष | 900 | ३२,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner/Ordinary Labor | 20 | 0 | | 800 | २९,१२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २८ गते (12 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
**सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.**
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४१११२६



## साइप्रसमा वैदेशिक रोजगारको अवसर

कम्पनी: GRP JOBMARKET LTD — शहर: LIMASSOL
पूर्व स्वीकृत मितिः२०८०/०४/०९ — चलानी नं.:६०२०५१५३ — LT. No.: 289911 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chambermaid | 6 | 1 | स. काममा दक्ष | 600 | ८६,९२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८१ साउन २८ गते (12 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाचलमा सम्पर्क गर्नुहोला ।

Gov. Lic No. 1484/074/075
**Sundar Nepal Overseas Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, NepalTel. 01-4478460
Mo.: 986-0480301, 9841566228, 9851170602 Email: Sundarnpo@gmail.com



## कतारमा रोजगार

कम्पनी : ASIANA HOSPITALITY AND SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८१/०३/१२ — चलानी नं.: ६०२२१६०२ — LT. No.: 306842 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 0 | 1 | सम्बन्धित काममा दक्ष | 2500 | ९१६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Document Technician | 1 | 0 | | 2100 | ७६९८६ | | | | | | | |
| 3. | General Clean Worker | 0 | 1 | | 1300 | ४७६५८ | | | | | | | |
